आज मिति २०७४ मंसिर १० गतेका दिन यस रत्ननगर नगर कार्यपालिकाको कार्यालयका नगर प्रमुख श्री नारायण वन ज्यूको अध्यक्षतामा बसेको नियमित कार्यपालिकाको बैठकमा तपशिल बमोजिमका पदाधिकारी ज्यूहरुको उपस्थिति रह्यो ।

**उपस्थिति :**

| | | |
|---|---|---|
| १. | अध्यक्ष श्री नारायण वन, रत्ननगर न.पा. नगर प्रमुख | द |
| २. | सदस्य श्री विमला देवी दुवाडी, रत्ननगर न.पा. उप–प्रमुख | द |
| ३. | सदस्य सचिव श्री नवराज ढुङ्गाना, कार्यकारी अधिकृत, रत्ननगर न.पा. कार्यालय | द |
| ४. | प्रशासकीय अधिकृत श्री राम प्रसाद सापकोटा, रत्ननगर न.पा. कार्यालय | द |
| ५. | सदस्य श्री शंकर सिं तमाङ्ग, वडा अध्यक्ष, वडा नं. १ | द |
| ६. | सदस्य श्री तिलक राज पौडेल, वडा अध्यक्ष, वडा नं. २ | द |
| ७. | सदस्य श्री गुप्तनाथ भट्टराई, वडा अध्यक्ष, वडा नं. ३ | द |
| ८. | सदस्य श्री प्रेम प्रसाद रेग्मी, का.वा. वडा अध्यक्ष, वडा नं. ४ | द |
| ९. | सदस्य श्री कृष्ण महतो, वडा अध्यक्ष, वडा नं. ५ | द |
| १०. | सदस्य श्री बलराम दाहाल, वडा अध्यक्ष, वडा नं. ६ | द |
| ११. | सदस्य श्री लाल बहादुर भट्ट, वडा अध्यक्ष, वडा नं. ७ | द |
| १२. | सदस्य श्री विनोद बस्नेत, वडा अध्यक्ष, वडा नं. ८ | द |
| १३. | सदस्य श्री रोशन आचार्य, वडा अध्यक्ष, वडा नं. ९ | द |
| १४. | सदस्य श्री केशव आचार्य, वडा अध्यक्ष, वडा नं. १० | द |
| १५. | सदस्य श्री शशिभक्त न्यौपाने, वडा अध्यक्ष, वडा नं. ११ | द |
| १६. | सदस्य श्री विर बहादुर पाखिन, वडा अध्यक्ष, वडा नं. १२ | द |
| १७. | सदस्य श्री चित्र बहादुर भण्डारी, वडा अध्यक्ष, वडा नं. १३ | द |
| १८. | सदस्य श्री हरि कुमार श्रेष्ठ, वडा अध्यक्ष, वडा नं. १४ | द |
| १९. | सदस्य श्री हुमनाथ लामिछाने, वडा अध्यक्ष, वडा नं. १५ | द |
| २०. | सदस्य श्री हेमराज थापा, वडा अध्यक्ष, वडा नं. १६ | द |
| २१. | कार्यपालिका सदस्य श्री राजेन्द्र परियार हमाल, रत्ननगर न.पा. कार्यालय | द |
| २२. | कार्यपालिका सदस्य श्री मिना गिरी, रत्ननगर न.पा. कार्यालय | द |
| २३. | कार्यपालिका सदस्य श्री निर्मला कुमारी खड्का, रत्ननगर न.पा. कार्यालय | द |
| २४. | कार्यपालिका सदस्य श्री सरस्वती लामा, रत्ननगर न.पा. कार्यालय | द |
| २५. | कार्यपालिका सदस्य श्री भोला देवी गौडेल, रत्ननगर न.पा. कार्यालय | द |
| २६. | कार्यपालिका सदस्य श्री कृष्ण हरि परियार, रत्ननगर न.पा. कार्यालय | द |
| २७. | कार्यपालिका सदस्य श्री मन कुमारी वि.क., रत्ननगर न.पा. कार्यालय | द |
| २८. | कार्यपालिका सदस्य श्री रिता वि.क., रत्ननगर न.पा. कार्यालय | द |

राम प्रसाद सापकोटा
प्रशासकिय अधिकृत

**प्रस्ताव नं. १:** समिति गठन प्रकया स्थलगत सम्बन्धमा ।

**निर्णय नं. १:** माथी प्रस्ताव नं. १ मा छलफल गर्दा उपभोक्ता पुनः गठन प्रकया अगाडी बढाउने निर्णय गरियो ।

**प्रस्ताव नं. २:** बालगृह संचालनको अनुगमन सम्बन्धमा ।

**निर्णय नं. २:** माथि प्रस्ताव नं. २ मा छलफल गर्दा यस रत्ननगर नगरपालिकाभित्र रहेका बालगृहहरुको संचालन, दर्ता एवं अवस्थाहरुको बारेमा प्रतिवेदन पेश गर्न निम्नानुसारको समिति गठन गर्ने निर्णय गरियो ।

**तपसिल**

१. केशव आचार्य, वडा अध्यक्ष, वडा नं. १०, संयोजक
२. बलराम दाहाल, वडा अध्यक्ष, वडा नं. ६, सदस्य
३. रिता वि.क., नगर कार्यपालिका सदस्य वडा नं. १६,सदस्य
४. कृष्ण चौधरी, वडा अध्यक्ष, वडा नं. ५, सदस्य
५. शालिकराम पराजुली, वडा सदस्य, वडा नं. १,सदस्य
६. राम प्रसाद सापकोटा, प्रशासकिय अधिकृत, सदस्य
७. शान्ति शर्मा गौतम, स.म.वि. निरीक्षक, सदस्य

**प्रस्ताव नं. ३:** पदाधिकारीहरुलाई झोला उपलब्ध गराउने सम्बन्धमा ।

**निर्णय नं. ३:** माथि प्रस्ताव नं. ३ मा छलफल गर्दा यस रत्ननगर नगरपालिकाका सम्पूर्ण जनप्रतिनिधि/पदाधिकारीहरुलाई टिकाउ र गुणस्तरीय १, १ गोटा झोला उपलब्ध गराउने निर्णय गरियो ।

**प्रस्ताव नं. ४:** मेडिकल किट वितरण सम्बन्धमा ।

**निर्णय नं. ४:** माथि प्रस्ताव नं. ४ मा छलफल गर्दा KOICA बाट प्राप्त मेडिकल किट यस नगरपालिका अन्तर्गतका वडा कार्यलयहरु मार्फत तुरुन्त बाढीपिडितहरुलाई वितरण गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ५:** अपांग जागरण अभियानको विल भुक्तानी सम्बन्धमा ।

**निर्णय नं. ५:** रत्ननगर नगरपालिकास्तरीय अपाङ्ग समन्वय समिति र अपांग जागरण अभियानले मिति २०७४।०७।१६ गतेका दिन संचालित सचेतना तथा अभिभावक जागरण कार्यक्रम स्वीकृत गरी सो कार्यक्रममा भएको जम्मा खर्च रु. २६,८००।०० (छब्बीस हजार आठ सय मात्र) अनुमोदन गरी भुक्तानी दिने निर्णय गरियो ।

**प्रस्ताव नं. ६:** एम्बुलेन्स मर्मत खर्च अनुमोदन सम्बन्धमा ।

**निर्णय नं. ६:** यस रत्ननगर नगरपालिकामा रहेको एम्बुलेन्स मर्मत गर्न लागेको खर्च रु. अनुमोदन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ७:** सक्कल प्रति उपलब्ध गराउने सम्बन्धमा ।

**निर्णय नं. ७:** प्रस्ताव नं. ७ मा छलफल गर्दा स्थानीय कर सेवा शुल्क नगरपालिकाबाट लिदा कम्प्युटर प्रणालीबाट विलिङ्ग गरी कर असुल्दै आइरहेको र करदातालाई दोश्रो पहेलो प्रति दिइदै आएकोमा अबबाट सक्कलै सेतो प्रति सेवाग्राहीलाई उपलब्ध गराउने निर्णय गरियो ।

**प्रस्ताव नं. ८:** उपचार खर्च स्वीकृति र भुक्तानी सम्बन्धमा ।

**निर्णय नं. ८:** प्रस्ताव नं. ८ मा छलफल गर्दा विजुलीको काम गर्ने मिस्त्री लालबाबु आलमलाई लगाइएकोमा घाइते भई उपचारमा लागेको खर्च रु. ८०,०००।०० (असी हजार मात्र) भुक्तानी दिने निर्णय गरियो ।

**प्रस्ताव नं. ९:** जनसहभागिता/लागत सहभागिता सम्बन्धमा ।

**निर्णय नं. ९:** यस रत्ननगर नगरपालिका अन्तर्गत वडा नं. ४ मा ट्रिटमेन्ट प्लान्ट रहेको र सो प्लान्ट त्यस ठाउँमा राखे वापत १०%जनसहभागिता/लागत सहभागिता राख्नु पर्ने वडा नं. ४ का नागरिकहरुको माग बमोजिम सो वडामा नगरपालिकाद्धारा संचालन हुने योजना तथा कार्यक्रममा १०% लागत सहभागिता/जनसहभागिता व्यहोर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. १०:** दमकललाई पिकअप भ्यानको रुपमा संचालन गर्ने सम्बन्धमा ।

**निर्णय नं. १०:** प्रस्ताव नं. १० मा छलफल गर्दा Rotary Club रत्ननगरबाट यस रत्ननगर नगरपालिकालाई हस्तान्तरण भै आएको दमकलको पानी ट्याङ्कीको क्षमता जम्मा ३०० (तीन सय) लिटर रहेको र दमकलको रुपमा संचालन गर्ने अवस्था नरहेको र सो दमकलको उक्त पानी ट्याङ्की झिकी पिकअप भ्यानको उपयुक्त हुने हुँदा रोटरी Club सँग समन्वय गरी पिकअप भ्यानको रुपमा संचालन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ११:** शैक्षिक योजना तथा कार्यक्रम स्वीकृत सम्बन्धमा ।

राम प्रसाद सापकोटा
प्रशासकिय अधिकृत

**निर्णय नं. ११:** माथि प्रस्ताव नं. ११ मा छलफल गर्दा रत्ननगर नगरपालिकाको आ.व ०७४/०७५ को नगर सभाद्धारा शिक्षा क्षेत्रमा एकमुष्ट रु. ७५ (पचहत्तर) लाख विनियोजन गरिएकोमा सो बजेटलाई निम्नानुसार शैक्षिक योजना तथा कार्यक्रममा बाँडफाँड गरी रु. ७५ (पचहत्तर) लाखको सीमा ननाघ्ने गरी स्वीकृत गर्ने निर्णय गरियो ।

| शैक्षिक कार्यक्रम २०७४ | | | | | |
|---|---|---|---|---|---|
| क्र.सं. | कार्यक्रमको नाम | इकाइ | प्रति इकाइ लागत | रकम | अपेक्षित उपलब्धि |
| १ | बाल विकास केन्द्र/शिशु कक्षा सिकाइ सामाग्री व्यवस्थापन | ३३ | ६५००० | २१४५००० | सिकाइमा प्रभावकारिता आउने |
| २ | भुईमा कार्पेटको व्यवस्था | २१ | ३०००० | ६३०००० | बालबालिकाहरुको स्वास्थ्यमा सुधार हुने |
| ३ | सेतोपाटीको व्यवस्था | ३३ | १४००० | ० | धुलोबाट बालबालिकाहरुलाई जोगाउन सकिने |
| ४ | भित्तेलेखन | २१ | २०००० | ४२०००० | रचनात्मक कार्यमा जिज्ञासु हुने |
| ५ | त्व खरिद ३२ इन्चे (फ्याल्ट) | ३३ | ३०००० | ९९०००० | मनोरञ्जनात्मक वातावरणमा सिकाई हुने |
| ६ | सका तालिम ५ दिन | ६२ | ४६०४ | २८५४४८ | अपेक्षित सिकाइ उपलब्धिमा वृद्धि हुने |
| | जम्मा | | | ४४७०४४८ | |
| ७ | आधारभुत तह कक्षा ६–१० मा कम्प्युटर खरिद | २१ | ४९५९५ | १०४१४९५ | कम्प्युटर सिकाइ प्रभावकारी हुने |
| ८ | कम्प्युटर शिक्षकको व्यवस्था (६ महिना करार) | २ | २४००० | २८८००० | कम्प्युटर सिकाइ प्रभावकारी हुने |
| ९ | शहिद स्मृति बहुमुखी क्याम्पसको लागि प्रोजेक्टर | ३ | ५०००० | १५०००० | |
| १० | बालविकास कार्यक्रमका बालबालिकाहरुलाई खाजा कार्यक्रम | ८७७ | १८०० | १५७८६०० | |
| ११ | उत्कृष्ट विद्यालय भ्रमण | ४० | ४५०० | १८०००० | |
| १२ | शिक्षा सम्बन्धी अन्तरक्रिया/गोष्ठी | ८५ | | १००००० | |
| १३ | कार्यक्रम अनुगमन | ९६ | १००० | ९६००० | |
| | **जम्मा** | | | **३४३४०९५** | |
| | **कुल जम्मा** | | | **७९०४५४३** | |

राम प्रसाद सापकोटा
प्रशासकीय अधिकृत